# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भाग २, संख्या २, मिति २०८२ जेठ १९ गते


## भाग- २

## बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बौदीकाली गाउँपालिकाको एस.ई.ई तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यविधि-२०८१

**प्रस्तावना :** बौदीकाली गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरुको अङ्ग्रेजी, गणित र विज्ञान विषयमा देखिएको न्युन सिकाइ उपलब्धिमा सुधार गरी एस .ई.ई को नतिजामा सुधार गर्न विद्यार्थीहरुलाई विद्यालयको नियमित पठनपाठनको अलवा अतिरिक्त कक्षा संचालन गरी सिकाइमा जोड दिन आवश्यक देखिएकोले बौदीकाली गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र परिभाषाः**

१. यस कार्यविधिको नाम "**बौदीकाली गाउँपालिकाको एस.ई.ई तयारी कक्षा संचालन सम्बन्धी कार्यविधि-२०८१**" रहेको छ ।
२. यो कार्यविधि गाउँपालिकाभित्र मात्र लागु हुनेछ ।
३. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

१. "**कार्यपालिका**" भन्नाले बौदीकाली गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।
२. "**शिक्षा समिति**" भन्नाले बौदीकाली गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।
३. "**व्यवस्थापन समिति**" भन्नाले बौदीकाली गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।
४. "**सामुदायिक विद्यालय**" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउनेगरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।
५. "**विद्यार्थी**" भन्नाले बौदीकाली गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत एस.ई.ई परीक्षाको तयारी गरिरहेका विद्यार्थी सम्झनु पर्छ ।
६. "**शाखा**" भन्नाले बौदीकाली गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्छ ।
७. "**दुई महिना**" भन्नाले अतिरिक्त कक्षा सञ्चालन भएको ६० दिन बराबरको समय अवधिलाई जनाउँछ ।

## परिच्छेद २

## एस. ई .ई तयारी कक्षा सञ्चालन सम्बन्धी व्यवस्था

१. गाउँपालिकाले सार्बजनिक सूचाना प्रकाशन गरी एस.ई.ई तयारी कक्षा संचालन गर्न इच्छुक विद्यालयहरुसंग निवेदन माग गर्ने ।
२. विद्यालयले विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित एस.ई.ई तयारी कक्षा सञ्चालनको लागि प्रस्ताव पेश गर्ने।
३. प्राप्त प्रस्तावहरु अध्ययन गरी गाउँपालिकाले कार्यक्रम संचालनको लागि विद्यालयहरुसंग सम्झौता गर्ने ।

४. विद्यालयले अङ्ग्रेजी, गणित र विज्ञान विषयको बढिमा दुई महिना (६० दिन) अतिरिक्त कक्षा सञ्चालन गरेको हुनुपर्नेछ । सो भन्दा धेरै दिन कक्षा संचालन भएको खण्डमा पालिकाबाट अनुदान उपलब्ध गराइनेछैन ।

५. अतिरिक्त कक्षा संचालन गरे बापत सम्बन्धित विषयका शिक्षकहरुलाई एकमुष्ठ रुपमा मासिक रु १०,०००/- (अक्षरुपी दस हजार) का दरले पारिश्रमिक उपलब्ध गराउने । अतिरिक्त कक्षा संचालन गर्ने क्रममा विद्यालयले आवासिय व्यवस्था गरेको खण्डमा उक्त आवासमा रहि खाना बनाउने भान्छेलाई मासिक रु ६,०००/- (अक्षरुपी छ हजार) को दरले पारिश्रमिक उपलब्ध गराउने ।

**स्पष्टीकरणः** विद्यालयले एस.ई.ई तयारी कक्षामा सहभागी विद्यार्थी संख्या २० जना भन्दा बढि भएको खण्डमा दुई वटा समुह बनाइ अतिरिक्त कक्षा संचालन गर्न सक्नेछ । तोकिएका विषयको अतिरिक्त कक्षा संचालन गर्दा शिक्षकहरुले पालिकाबाट उपलब्ध गराउने पारिश्रमिक भन्दा बढि रकम लिन पाउनेछैन ।

६. तयारी कक्षा सम्पन्न भए प्रश्चात विद्यालयले कार्यक्रमको प्रतिवेदन र आवश्यक कागजात पालिकामा पेश गरी भुक्तानि माग गर्नुपर्नेछ ।

क. भुक्तानि माग गर्दा पेश गर्नुपर्ने कागजात

१.विद्यार्थी उपस्थितिको प्रमाणित प्रति

२.शिक्षक उपस्थितिको प्रमाणित प्रति

३.अतिरिक्त कक्षा संचालन गर्दाको फोटोहरु

४.कार्यक्रम सम्पन्न भएकोले पालिका समक्ष भुक्तानि माग गर्ने भन्ने वि.व्य.स को निर्णय

५.भुक्तानि माग गरेको निवेदन

६.कार्य सम्पन्न प्रतिवेदन

## परिच्छेद-३

### बार्षिक प्रगति र समीक्षा

१. यस कार्यक्रमले विद्यार्थी र विद्यालयको सिकाइ उपलब्धिमा पारेको प्रभाव बारे विद्यालयले विद्यालय स्तरीय समीक्षा गरी प्रगति प्रतिवेदन शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

२. शाखाले पालिका स्तरीय समीक्षा गरी प्रगति प्रतिवेदन शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

३. नेपालको संविधान तथा प्रचलित कानुन अनुसार बाझिएको हदमा बाझिएको हदसम्म यो कार्यविधी अनुसार भए गरेका काम कार्यहरु अमान्य हुनेछन्।

४. यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले,

**प्रमाणीकरण मिति : २०८१/१२/२७**

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका